# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

प.सं.: २०८०/०८१
च.नं. :

## प्रतीक चिन्ह (लोगो) निर्माणका लागि प्रतिस्पर्धा आह्वान गरिएको सूचना !
**(प्रकाशन मिति : २०८० भाद्र ०३ गते)**

यस चौरजहारी नगरपालिका रुकुम (पश्चिम) को ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक एवम् विशिष्ट मौलिक पहिचान झल्कने प्रतीक चिन्ह (लोगो) प्रयोगमा ल्याउने चौरजहारी नगरपालिका नगर कार्यपालिकाको मिति २०८० साउन ३१ गतेको निर्णयानुसार प्रतीक चिन्ह (लोगो) डिजाइन गर्न इच्छुक व्यक्ति / संस्थाले तपसिलका सर्तको अधीनमा रही २०८० भाद्र मसान्तभित्र यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा पठाउनु हुन अनुरोध छ।

**सर्तहरू**

- चौरजहारी नगरपालिकाको भौगोलिक अवस्थिति, आर्थिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक पक्ष झल्कने हुनुपर्नेछ।
- धार्मिक, जातीय, साम्प्रदायिक विभेद झल्कने तथा नेपालको संविधान, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतीकूल असर पर्ने सङ्केत प्रयोग गर्न पाइने छैन।
- प्रतीक चिन्ह स्थानीय पहिचानका सबै पक्षलाई सम्मान गर्ने, सरल, सबै पक्षलाई समेटिएको, अपनत्व सङ्केत गर्ने र बहुरङ्गमा छपाइ गरी प्रयोगमा ल्याउन सकिने हुनुपर्नेछ।
- प्रतीक चिन्हमा बनाइएको सबै सङ्केत र पक्षको व्याख्या समेत समावेश गर्नुपर्नेछ।
- प्रतीक चिन्ह आफैं उपस्थित भइ वा हुलाकमार्फत् कम्तिमा ३०० DPL Resolution भएको JPG Format मा ito.chaurjaharimun@gmail.com पठाउन सकिनेछ।
- मूल्याङ्कन तथा छनोट समितिबाट मूल्याङ्कन पश्चात् सिफारिस गरी नगर कार्यपालिकाबाट स्वीकृत भएमा प्रतीक चिन्हलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ।
- प्रतीक चिन्ह मौलिक हुनुपर्नेछ। अन्यत्रबाट नक्कल गर्न पाइने छैन।
- मूल्याङ्कन तथा छनोट समितिले प्राप्त भएका कुनै प्रतीक चिन्हमा आवश्यक परिमार्जन गर्न आग्रह गरेमा सोअनुसार गरिदिनुपर्नेछ।
- मूल्याङ्कन तथा छनोट समितिलाई प्राप्त प्रतीक चिन्ह उपयुक्त नलागेमा पुन: प्रतीक चिन्हको लागि प्रतिस्पर्धा आह्वान गर्न सकिनेछ।
- थप जानकारीका लागि नगर कार्यपालिकाको कार्यालयमा उपस्थित भएर वा कार्यालयको मोबाइल नं. ९८५७८२६१११ मा सम्पर्क गर्न सकिनेछ।

२०८०/०५/०३

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत